जनज्योति क्याम्पस

भिमाद, तनहुँ

गण्डकी प्रदेश, नेपाल

उच्च शिक्षा (एम.फिल तथा पिएचडी) अध्ययन प्रोत्साहन कार्यविधि, २०८३

जनज्योति क्याम्पस, भिमाद, तनहुँ

उच्च शिक्षा (एम.फिल तथा पिएचडी) अध्ययन प्रोत्साहन कार्यविधि, २०८३

१. उद्देश्य

स्थायी प्राध्यापकहरूको शैक्षिक योग्यता, अनुसन्धान क्षमता तथा पेसागत दक्षता अभिवृद्धि गरी क्याम्पसको शैक्षिक गुणस्तर विकास गर्नु यस कार्यविधिको उद्देश्य हुनेछ ।

२. योग्यता तथा आवेदन

२.१) यस कार्यविधिअन्तर्गत क्याम्पसमा स्थायी नियुक्ति भएको कम्तीमा एक वर्ष सेवा पूरा गरेका प्राध्यापकले एमफिल तथा पीएचडी अध्ययनका लागि आवेदन दिन पाउनेछन् ।

२.२) अध्ययनका लागि मान्यताप्राप्त विश्वविद्यालयमा भर्ना भएको वा भर्ना प्रक्रियामा रहेको प्रमाण, अध्ययनको विषय, अवधि तथा अनुमानित खर्चसहित निवेदन पेस गर्नुपर्नेछ ।

२.३) अध्ययन सुविधा प्राप्त गर्न सञ्चालक समितिको पूर्वस्वीकृति लिनु पर्ने छ ।

३. एमफिल अध्ययन प्रोत्साहन

३.१) क्याम्पसले एक आर्थिक वर्षमा एमफिल अध्ययनका लागि एक जना योग्य स्थायी प्राध्यापकलाई प्राथमिकताका आधारमा सिफारिस गरिने छ ।

३.२) एमफिल अध्ययन शुल्कका लागि वार्षिक अधिकतम रु. १,००,००० का दरले कुल रु. २,००,००० सम्म प्रोत्साहन रकम उपलब्ध गराईने छ ।

४. पीएचडी अध्ययन प्रोत्साहन

४.१) पीएचडी अध्ययनका लागि वार्षिक अधिकतम रु. १,००,००० का दरले कुल रु. ३,००,००० सम्म अध्ययन शुल्क प्रोत्साहन उपलब्ध गराउन सकिनेछ ।

४.२) अन्य संस्था वा निकायबाट छात्रवृत्ति वा अध्ययन शुल्क सहयोग प्राप्त नगरेका प्राध्यापकलाई प्राथमिकता दिइनेछ ।

४.३) अन्य निकायबाट आंशिक सहयोग प्राप्त भएको अवस्थामा कुल वास्तविक अध्ययन शुल्कभन्दा बढी नहुने गरी मात्र सहयोग समायोजन गर्न सकिनेछ। प्राप्त बाह्य सहयोग र क्याम्पसको सहयोग जोड्दा वास्तविक खर्चभन्दा बढी रकम उपलब्ध गराइने छैन ।

४.४) अध्ययन शुल्कको भुक्तानी वास्तविक खर्चको बिल, रसिद वा प्रमाणका आधारमा हुनेछ ।

५. अध्ययन बिदा तथा तलब सुविधा

५.१) पूर्ण रूपमा भौतिक उपस्थितिमा अध्ययन गर्न जाने स्थायी प्राध्यापकलाई क्याम्पसको आर्थिक अवस्था र सञ्चालक समितिको स्वीकृतिका आधारमा स्वेच्छिक बेतलबी अध्ययन बिदा दिन सकिनेछ ।

५.२) पूर्णकालीन भौतिक उपस्थितिमा अध्ययन गर्ने प्राध्यापकलाई क्याम्पसको आर्थिक क्षमता, स्वीकृत बजेट तथा निर्णयका आधारमा अध्ययन अवधिमा बढीमा ५० प्रतिशतसम्म तलब उपलब्ध गराउन सकिनेछ । तर भौतिक कक्षा लिई क्याम्पसमा आफ्नो जिम्मेवारी वहन गरेमा शुल्क रसिदका आधारमा वार्षिक रुपमा एकलाख सम्म दिन सकिनेछ ।

५.३) भर्चुअल विधिबाट अध्ययन गर्ने प्राध्यापकले आफ्नो नियमित जिम्मेवारी पूरा गर्नुपर्नेछ

५.४) अध्ययन बिदा वा तलब सुविधा स्वीकृत गर्दा क्याम्पसको नियमित पठनपाठन प्रभावित नहुने व्यवस्था मिलाइने छ ।

६. काज सुविधा

६.१) एमफिल तथा पीएचडी अध्ययनसँग सम्बन्धित गोष्ठी, कार्यशाला, अनुसन्धान प्रस्तुति वा शैक्षिक कार्यक्रममा सहभागी हुन वर्षमा बढीमा दुई पटक सम्म काज स्वीकृत गर्न सकिनेछ ।

६.२) भौतिक वा भर्चुअल माध्यमबाट अध्ययन गरिरहेका प्राध्यापकलाई पनि सम्बन्धित अध्ययन वा अनुसन्धानसँग प्रत्यक्ष सम्बन्धित कार्यक्रमका लागि यही व्यवस्थाअनुसार काज दिन सकिनेछ । भौतिक रूपमा उपस्थित हुनुपर्ने अवस्थामा पूर्वस्वीकृति अनिवार्य हुनेछ ।

७. अध्ययनपछिको सेवा

७.१) क्याम्पसबाट अध्ययन शुल्क प्रोत्साहन, तलब सुविधा वा अन्य आर्थिक सुविधा प्राप्त गर्ने प्राध्यापकले एमफिल वा पीएचडी अध्ययन पूरा गरेपछि कम्तीमा तीन वर्ष जनज्योति क्याम्पसमा सेवा गर्नुपर्नेछ ।

७.२) स्वेच्छिक बेतलबी अध्ययन बिदामा गएका प्राध्यापकले पनि क्याम्पसमा फर्किएपछि स्वीकृत अध्ययन कार्यक्रम पूरा गरी शैक्षिक योग्यता वृद्धि गर्नुपर्नेछ ।

७.३) अध्ययनबाट प्राप्त ज्ञान, अनुसन्धान र सीपलाई क्याम्पसको शिक्षण, अनुसन्धान तथा संस्थागत विकासमा उपयोग गर्नुपर्नेछ ।

८. सुविधा फिर्ता तथा कारबाही

८.१) अध्ययनका लागि आवेदन दिई सुविधा स्वीकृत गराइसकेपछि मनासिब कारण र पूर्वस्वीकृति बिना अध्ययन नगरेमा, अध्ययनको उद्देश्य त्यागेमा वा रकमको दुरुपयोग गरेमा प्राप्त रकम प्रचलित नियम तथा कबुलियतनामाबमोजिम फिर्ता गर्नुपर्नेछ ।

८.२) अध्ययनका लागि सुविधा लिएर अन्यत्र काम गर्न गई स्वीकृत अध्ययन पूरा नगरेमा वा अध्ययनपछिको तीन वर्षे सेवा प्रतिबद्धता पूरा नगरेमा लागू हुने नियम र कबुलियतनामाअनुसार रकम फिर्ता वा अन्य कारबाही गर्न सकिनेछ ।

८.३) कुनै कारबाही गर्नुअघि सम्बन्धित प्राध्यापकलाई स्पष्टीकरण पेस गर्ने उचित अवसर दिइनेछ ।

९. विविध

९.१) अध्ययन सुविधा क्याम्पसको स्वीकृत बजेट, आर्थिक क्षमता र सञ्चालक समितिको निर्णयअनुसार मात्र उपलब्ध हुनेछ ।

९.२) यस कार्यविधिमा उल्लेख नभएका विषयमा क्याम्पसको विधान, प्रचलित कानुन तथा लागू हुने त्रिभुवन विश्वविद्यालयका सम्बन्धित नियमबमोजिम हुनेछ ।

९.३) यस कार्यविधिको संशोधन तथा कार्यान्वयनको अधिकार क्याम्पस सञ्चालक समितिमा रहनेछ ।